गृहमन्त्रालयको सूचना

गृ. प्र. १०६८ फु. ५१५६ २८–६–०११

श्री कलानाथ अधिकारीद्वारा लिखित तथा गोपाल प्रिण्टिङ्ग वर्क्स, कलकत्तामा मुद्रित मै मो. म. पुस्तकालय (श्रीमोहनीद्वारा) नं. २ पुतलीसडक काठमाडौंबाट प्रकाशित 'माहिला दाई गाइदे..... त !..... सौगात खोइत ? पाँचौं गुरुँस' शीर्षक पुस्तिकामा श्री ५ महाराजाधिराजउपर बहुतै अनुचित आक्षेप गरिएको र हिंसात्मक अपराध गर्न प्रोत्साहितसमेत गरिएकोले नेपाल छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐन २००८ को भाग ६ दफा २२ अनुसार उक्त पुस्तिकाको मुद्रित प्रतिहरू जम्मै जफत गरी नेपालराज्यभर त्यसको प्रकाशन, वितरण आदिमा प्रतिबन्ध लगाउने गरी ८-३-२०११ मा आदेश जारी गरिएको छ ।

आज्ञाले—

नीरराज राजभण्डारी,

सेक्रेटरी—गृहमन्त्रालय.

गृहमन्त्रालयको सूचना

गृ. प्र. १०६८ फु ५३५६ २८—६—०११

श्री मुक्तिनाथ—लिखित तथा जोरगणेश छापाखानामा मुद्रित भै इन्द्रमान चन्द्रमान शेरचन पोखराद्वारा प्रकाशित 'को अछूत' शीर्षक पुस्तकमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वैवाहिक जीवनमा अनाचार र अनैतिकतालाई प्रोत्साहित गर्नाको साथसाथै अनुचित यौन सम्बन्धलाई समर्थनसमेत गरिएको तथा कुनै कुनै जाति उपजाति र समुदायलाई निन्दात्मक शब्दमा लक्षित गरी अवान्छनीय साम्प्रदायिक विचारधारालाई प्रश्रय दिइएकोले छापाखाना र प्रकाशन रजिष्टरीसम्बन्धी ऐन २००८

आधिकारिकता मुद्रण घिसगबाट प्रमाणित गरिएपछि म

को भाग ६ दफा (२२) अनुसार उक्त पुस्तकको मुद्रित प्रतिहरू जम्मै जफत गरी नेपाल राज्यभर त्यसको प्रकाशन, वितरण आदिमा प्रतिबन्ध लगाउने गरी २४-३-२०११ मा आदेश जारी गरिएको छ

आज्ञाले,—
नीरराज राजभण्डारी,
सेक्रेटरी—गृहमन्त्राय.

भूल—सुधार

गृह नं. १०७

२०११ साल भाद्र २८ गतेको खण्ड ४ संख्या ६ को गजेटको भाग १ मा प्रकाशित गृहमन्त्रालयमार्फत प्रकाशित भएको नेपाल प्रधान न्यायालयको विज्ञप्तिमा निम्न लिखित भूल भएकोले भूल-सुधार गरिएको छः—

(क) उक्त विज्ञप्तिको दोस्रो र पंधौं प्याराग्राफमा मुद्दा "टुंग्याउने" भनी छापिनुपर्नेमा "टुंग्याउने" भनी छापिएको।

(ख) ऐ ऐ एघारौं प्याराग्राफमा "कैदै" हुने कलममा भनी छापिनुपर्नेमा "कैद" हुने कलममा भनी छापिएको।

(ग) ऐ ऐ बाह्रौं प्याराग्राफमा खोर जेलखानाको ४७।४७ क. नं. समेत लेखिए कोमा ४७। (क) नं. मात्र छापी ४७ नं. छुटेको।

(घ) ऐ ऐ पंधौं प्याराग्राफमा "दोस्रो पटकको म्याद तारीख गुजेकोमा गुजेको मितिले ३० दिनभित्र" भनी छापिनुपर्नेमा "दोस्रो पटकको म्याद तारेख गुजेमा मितिले ३० दिनभित्र" भनी छापिएको।

आज्ञाले —
नीरराज.
सेक्रेटरी— गृहमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि